**एजेण्डाहरु :-**

१. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधी सम्बन्धमा ।
२. गोदावरी नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७५ सम्बन्धमा ।
३. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ।
४. कालोपत्रे सम्बन्धमा ।
५. ढल निकास सम्बन्धमा ।
६. अत्तरिया उद्योग वाणिज्य संघलाई सहयोग सम्बन्धमा ।
७. राष्ट्रिय र अन्तराष्ट्रिय स्तरिय खेलकुद प्रतियोगितालाई सहयोग सम्बन्धमा ।
८. नगर र जिल्ला स्तरिय खेलकुद प्रतियोगितालाई सहयोग सम्बन्धमा ।
९. माघी मिलन कार्यक्रम र रनपुतला कार्यक्रमलाई सहयोग सम्बन्धमा ।
१०. विद्यालय र क्याम्पसलाई शैक्षिक अध्ययन भ्रमणका लागी सहयोग सम्बन्धमा ।
११. विधवाको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
१२. सामुदायिक उपभोक्ता महासंघलाई सहयोग सम्बन्धमा ।
१३. लोक सेवा तयारी कक्षा तालिमको कार्यक्रम संसोधन सम्बन्धमा ।
१४. सामुदायिक विद्यालयहरुको अन्तिम लेखा परिक्षण सम्बन्धमा ।
१५. शिक्षा ऐन, नियमावली र प्र.अ.सँगको अन्तरक्रिया कार्यक्रम सम्बन्धमा ।
१६. साविक स्थानीय निकायका कर्मचारी समायोजन सम्बन्धमा ।
१७. न.पा. कार्यालय र स्वास्थ्य तर्फका करार र मासिक ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
१८. इण्डोनेसिय भ्रमण कार्यक्रमको स्वीकृती सम्बन्धमा ।

**निर्णय नं. १**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि संघीय सरकारबाट प्राप्त नमुना कानूनलाई विभिन्न सरोकारवाला पक्षसँगको छलफल पश्चात विधेक समितिबाट स्वीकृतीका लागी कार्यपालिकामा पेश भएको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि गोदावरी नगरपालिकाबाट तयार गरिएको ड्राफ्टलाई विधेयक समितिमा छलफल गराई समितिको राय, सुझाव सहितको कार्यपालिकामा पेश भएको गोदावरी नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा भएको व्यवस्था अनुसार स्थानीय सरकारले तयार गरेका कानूनहरु उक्त दफाको उपदफा (३) अनुसार राजपत्रमा प्रकाशित गर्नु पर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) अनुसार स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ पूर्वाधार विकास तर्फको बुँदा नं. १ मा पक्कि नाली सहितको सडक कालोपत्रे गर्ने भनी ४ करोड ८० लाख ६० हजार रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व ब्यहोर्ने

गरि देहाय बमोजिमका वडाहरुमा सडक कालोपत्रे गर्नका लागी वडा अध्यक्षले सिफारि गरि पठाएका योजनाहरुलाई तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सिफारिस भई आएको योजना | ३५,००,०००।- | |
| २ | ३ | सिफारिस भई आएको योजना | ३५,००,०००।- | |
| ३ | ५ | सिफारिस भई आएको योजना | ३५,००,०००।- | |
| ४ | ६ | सिफारिस भई आएको योजना | २०,००,०००।- | |
| ५ | ७ | सिफारिस भई आएको योजना | ३५,००,०००।- | |
| ६ | ८ | सिफारिस भई आएको योजना | ३५,००,०००।- | |
| ७ | ९ | सिफारिस भई आएको योजना | ४०,००,०००।- | |
| ८ | १० | सिफारिस भई आएको योजना | ४१,४०,०००।- | |
| ९ | ११ | सिफारिस भई आएको योजना | ४१,३०,०००।- | |
| १० | १२ | सिफारिस भई आएको योजना | ४१,३०,०००।- | |
| | | **जम्मा** | **३,५९,००,०००।-** | |

## निर्णय नं. ५

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ पूर्वाधार विकास तर्फको बुँदा नं. ७ मा ढल निकासका लागी ५० लाख रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व ब्यहोर्ने गरि देहाय बमोजिमका वडाहरुमा ढल निकासका लागी वडा अध्यक्षले सिफारि गरि पठाएका योजनाहरुलाई तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २ | सिफारिस भई आएको योजना | ४०,००,०००।- | |
| २ | ६ | सिफारिस भई आएको योजना | ५,००,०००।- | |
| ३ | १२ | सिफारिस भई आएको योजना | ५,००,०००।- | |
| | | **जम्मा** | **५०,००,०००।-** | |

## निर्णय नं. ६

गोदावरी नगरपालिकामा अवस्थित अत्तरिया उद्योग वाणिज्य संघ, अत्तरिया कैलालीले यस क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक विकासका लागी यहि मिति २०७५ पौष २७ गते देखि माघ ७ गतेसम्म सम्बृद्ध प्रदेशको आधार कृषि, पर्यटन र ब्यापार भन्ने मुल नाराका साथ सुदूरपश्चिम प्रादेशिक महोत्सव गर्न लागेको हुँदा अत्तरिया उद्योग वाणिज्य संघलाई रु. ५,००,०००।- (पाँच लाख) सहयोग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ को अनुसूची १ को (क) शिक्षा, खेलकुद तथा युवा सम्बन्धी कार्यक्रमको बुँदा नं. ३६ मा राष्ट्रिय र अन्तराष्ट्रिय नगर स्तरिय खेलकुद सहयोग कार्यक्रममा रु. १०,००,०००।- रकम विनियोजन भएकोमा सो शिर्षकबाट दायित्व ब्यहोर्ने गरि देहाय बमोजिमका संस्थाहरुलाई खेलकुद विकासका लागी सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | तेस्रो अन्तराष्ट्रिय आमन्त्रण खप्तड गोल्ड कप, २०७५ | सुदूरपश्चिम ११ स्पोर्ट्स क्लव, धनगढी | ३,००,०००।- |
| २ | तेस्रो रुसलान धनगढी प्रिमियर लिग, २०७५ | न्यू सृजनशिल युवा क्लव, गोदावरी १ अत्तरिया | ५,००,०००।- |
| ३ | भारतमा कराते खेल खेल्नका लागी सहभागिता जनाएका खेलाडीलाई सहयोग | चौकीडाँडा कराते डोजो, गोदावरी ३ | १,००,०००।- |

**निर्णय नं. ८**

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ को अनुसूची १ को (क) शिक्षा, खेलकुद तथा युवा सम्बन्धी कार्यक्रमको बुँदा नं. ३५ मा जिल्ला तथा नगरस्तरिय खेलकुद सहयोग कार्यक्रममा रु. १५,००,०००।- रकम विनियोजन भएकोमा सो शिर्षकबाट दायित्व ब्यहोर्ने गरि देहाय बमोजिमका संस्थाहरुलाई खेलकुद विकासका लागी सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | चौथो जिल्ला क्लव स्तरिय चौथो फारवेष्ट पशुपती कप, २०७५ | फारवेष्ट पशुपती युवा क्लव, धनगढी १, कैलाली | १,००,०००।- |
| २ | जिल्ला स्तरिय प्रथम मदरल्याण्ड यूथ कप, २०७५ | मदर ल्याण्ड यूथ क्लव, गोदावरी न.पा. ८, जोनापुर | ४,००,०००।- |
| ३ | वडा स्तरिय ३ दिने खेलकुद तालिम | नमुना युवा क्लव, गोदावरी वा.नं. ९ | २५,०००।- |

**निर्णय नं. ९**

गोदावरी नगरपालिकामा थारु समुदायको महान पर्व माघीको उपलक्ष्यमा नगरपालिका स्तरिय थारु भाषा संस्कृती, कला, गितवास हमार पहिचान, अधिकार सुनिश्चितता वा सम्बृद्ध समाज निर्माण करना हमार साझा अभियान मुल नाराका साथ ३ दिने माघी महोत्सव २०७५ आयोजना हुन लागेको हुँदा माघ महोत्सव मुल आयोजक समिति, गोदावरी न.पा.लाई गोदावरी न.पा.को चा.लु. ०७५/७६ को वार्षिक कार्यक्रमको खण्ड ४ अनुसूची १ को (ङ) धर्म संस्कृती, कला, मठ मन्दिरको बुँदा नं. २ को विभिन्न जातजातीको भाषा, कला, संस्कृती संरक्षण कार्यक्रमबाट रु. २,००,०००।- (दुई लाख) सहयोग गर्ने निर्णय गरियो । साथै गोदावरी न.पा. वडा नं. ७ को खैरनीमा मनाइने रनपुतला सांस्कृतीक कार्यक्रमका लागी रु. ५०,०००।- (पचास हजार) सहयोग गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. १०**

गोदावरी नगरपालिकाको वडा नं. ११ का सरस्वती उच्च मा.वी. ओलानीका ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीहरु शैक्षिक अवलोकन भ्रमणका लागी रु. १,००,०००।- (एक लाख) सहयोग गर्ने र वा.नं. २ को दुर्गालक्ष्मी बहुमुखी क्याम्पस, अत्तरियाका बि.बि.एस., बि.एड् चतुर्थ वर्ष तथा बि.ए. तृतीय वर्षमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक तथा औद्योगिक अध्ययन अवलोकन भ्रमण कार्यक्रमका लागी रु. ७०,०००।- (सत्तरी हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

गोदावरी नगरपालिकाका भित्र १२ वटै वडामा सामाजिक सुरक्षा भत्ता लिई रहेका विधवा महिलाहरुको हकमा सबै वडाहरुमा बैंक मार्फत भत्ता प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

सामुदायिक उपभोक्ता महासंघले प्रदेश स्तरिय कार्यक्रमका लागी यस गोदावरी नगरपालिकामा सहयोग माँग गरेको हुँदा २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ को अनुसूची १ को (क) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिको विकास र सशक्तिकरण अन्तर्गत बुँदा नं. २० को लोक सेवा तयारी कक्षा ३ महिने कार्यक्रमलाई संसोधन गर्न यस कार्यालयको मिति २०७५/८/१३ गते गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट जारि गरिएको गोदावरी नगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५१ बमोजिम सम्पूर्ण सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरिक्षण गर्ने कार्यलाई आवश्यक प्रक्रिया पुऱ्याई सम्पादन गर्नका लागी तपसिल बमोजिमको लेखापरिक्षक छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| आ.ले.प. शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १५**

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट स्वीकृत शिक्षा ऐनमा केही संसोधन गर्नुपर्ने भएको र नियमावली समेत निर्माण गर्नु पर्ने भएको हुँदा सोका लागी रु. ३,००,०००।- (तीन लाख) रकम विनियोजन गर्ने र गोदावरी नगरपालिका भित्रका विद्यालयका प्रधानाध्यापकसँग शिक्षा सम्बन्धी अन्तरर्क्रिया समेत गर्नु पर्ने भएको हुँदा सोको लागी रु. १,००,०००। (एक लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) मा भएको व्यवस्था, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ को उपदफा (३) एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/८/२४ गतेको पत्रानुसार साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई यस कार्यालयको मिति २०७५/९/१ गतेको निर्णयानुसार गोदावरी नगरपालिकाका लागी स्वीकृत संगठन तथा दरबन्दीमा तपसिल बमोजिम समायोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | स्थायी नियुक्ती मिति | बढुवा मिति | साविकको स्थानीय निकाय | तह |
|---|---|---|---|---|---|---|
| १ | श्री लाल बहादुर ऐर | सव-ईन्जिनियर | २०५८/६/२५ | २०६९/४/१ | गेटा गा.वि.स. | सहायक स्तर पाचौ तह |
| २ | श्री खगेन्द्र प्रसाद चौधरी | लेखापाल | २०५७/११/१६ | २०६९/६/१ | श्रीपुर गा.वि.स. | सहायक स्तर पाचौ तह |
| ३ | श्री भक्तराज जोशी | अ.स.ई. | २०६४/६/१ | – | श्रीपुर गा.वि.स. | सहायक स्तर चौथो तह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | श्री चन्दर सिं कामी | अ.स.ई. | २०६७/५/१४ | – | गोदावरी गा.वि.स. | सहायक स्तर चौथो तह |
| ५ | श्री दुर्गा प्रसाद जोशी | खरिदार | २०५९/४/१ | – | बेलादेवीपुर गा.वि.स. | सहायक स्तर चौथो तह |
| ६ | श्री पुष्करराज भट्टराई | खरिदार | २०६४/५/१ | २०६९/४/१ | मालाखेती गा.वि.स. | सहायक स्तर चौथो तह |
| ७ | श्री लोक बहादुर कुवँर | मुखिया | २०६४/६/१ | – | गोदावरी गा.वि.स. | सहायक स्तर तेस्रो तह |
| ८ | श्री जेलाल राना | का.स. | २०६९/४/१ | – | बेलादेवीपुर गा.वि.स. | श्रेणी विहिन तेस्रो तह |

**निर्णय नं. १७**

गोदावरी नगरपालिकामा विगत लामो सयम देखि करार र मासिक ज्यालादारीमा कार्यरत स्वास्थ्य, नगरपालिका कार्यालय र आन्तरिक तर्फका कर्मचारीहरुको म्याद २०७५ पौष मसान्तमा समाप्त भएकोले यस कार्यालयको मिति २०७५/९/२५ गतेको निर्णयानुसार साविकका सम्झौताका शर्तहरुको अधिनमा रही हाललाई स्थास्थ्य र न.पा.का कर्मचारीहरुको म्याद ३ (तीन) महिनाका लागी थप गर्ने निर्णय गरियो । साथै उक्त दरवन्दीमा स्थायी कर्मचारी समायोजन भै आएमा तथा अर्को व्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुने समेत निर्णय गरियो ।

**निर्णय नं. १८**

Asian Institute of Technology (AIT), Thailand को 4th January 2019 को पत्रानुसार FSM Twinning कार्यक्रम 21st to 26th January 2019 सम्म इण्डानेसियामा संचालन हुने कार्यक्रममा यस नगररपालिकाका नगर उप प्रमुख श्री रत्ना कडायतलाई आमन्त्रण प्राप्त भएकोले सहभागिताका लागी स्वीकृती दिने निर्णय गरियो ।